# हुप्सेकोट गाउँपालिका

## आर्थिक वर्ष २०८३/०८४

## बजेट वक्तव्य

## ३ असार, २०८३

सभाध्यक्षज्यू,

सभाध्यक्षज्यूको अनुमतिले यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि पेश भएको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक विनियोजन विधेयक, २०८३ प्रस्तुत गर्दछु।

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्न पाउँदा गर्वको महशुस गरेको छु।

लोकतन्त्र प्राप्ती र हालसम्मको राजनीतिक उपलब्धिका लागि भएका जनआन्दोलन, त्याग र संघर्षका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै बेपत्ता, घाइते योद्धाहरुको अतुलनीय योगदानलाई स्मरण गर्दछु।

स्रोत र साधनको सीमितता, विकासप्रति बढ्दो जनअपेक्षा, विद्यमान आर्थिक, सामाजिक अवस्था, न्यून मानव विकास सूचकाङ्क, अधुरा तथा क्रमागत विकासका योजना र कार्यक्रमलाई पूर्णता प्रदान गर्नुपर्ने परिस्थितिका बावजुद सम्पूर्ण क्षेत्रगत विषयलाई दृष्टिगत गरी आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम तय गरेको छु।

सुशासन, विकास व्यवस्थापन एवं प्रविधिमैत्री र प्रभावकारी सेवा प्रवाह मार्फत तीव्र आर्थिक विकास, सामाजिक न्याय सहित समृद्ध, समावेशी र समुन्नत समाज निर्माण गर्ने तथा गाउँपालिकाको दीर्घकालीन सोच "**सुन्दर, सुखी र उद्यमी हुप्सेकोट**" लाई सार्थक र अर्थपूर्ण तुल्याउन लागि बजेटलाई प्राथमिकता दिएको छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमाको लागि देहायका विषयहरुलाई आधार लिएको छु।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

❖अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

❖ नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना

❖संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजना

❖दिगो विकास लक्ष्य

❖विषयगत समितिबाट प्राप्त राय

❖गाउँपालिकामा क्रियाशील राजनीतिक दलका घोषणापत्र

❖विभिन्न सरोकारवाला वर्ग, समुदाय र जनस्तरबाट प्राप्त सुझाव।

विगतका अधुरा कार्य, नागरिकको आवश्यकता र स्थानीय प्राथमिकता प्राप्त क्षेत्र, गाउँबासीले खोजेको, भोगेको, रोजेको र चाहेको विकासलाई सम्बोधन, उत्पादनशील र तुलनात्मक लाभको क्षेत्रमा आर्थिक परिचालन सहित सभ्य,समतामूलक समाजको निर्माण गर्ने परिकल्पनाबाट निर्देशित भई समुदाय केन्द्रित बजेट प्रस्तुत गरेको छु।

यस विद्येयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समित र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन विद्येयक पेश गरेको छु।

हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। चालू खर्चबाट पूँजिगत खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालू तथा पूजिँगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ। एक शीर्षकबाट

सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को जेठ मसान्तसम्मको आय-व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालू आर्थिक वर्षमा ४ करोड ८ लाख १५ हजार राजश्व परिचालन हुने अनुमान गरिएकोमा हालसम्म २ करोड ९९ लाख ७६ हजार राजश्व संकलन भएको छ भने जनसहभागिताबाट १२ लाख १८ हजार प्राप्त भएको छ । नेपाल सरकारबाट वित्तीय समानीकरण तर्फ ७ करोड २ लाख ८९ हजार, सशर्त अनुदान तर्फ २२ करोड १५ लाख ७९ हजार र राजश्व बाँडफाँट तर्फ ९ करोड १२ लाख ६७ हजार प्राप्त भएको छ । त्यस्तै, प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ ९३ लाख ५५ हजार, राजश्व बाँडफाँट तर्फ ८७ लाख १ हजार, समपूरक अनुदान तर्फ ९ लाख  ४४ हजार प्राप्त भएको छ ।

त्यसैगरी, चालू आर्थिक वर्षको जेठसम्म यस गाउँपालिकाको चालू खर्च तर्फ २८ करोड ४२ लाख ६८ हजार रुपैंया अर्थात् ७४.१४ प्रतिशत र पूँजिगत खर्च तर्फ ६ करोड ४२ लाख ३२ हजार रुपैया अर्थात् ३७.३५ प्रतिशत गरी जम्मा ३४ करोड ८५ लाख १ हजार खर्च भई वित्तीय प्रगति ६२.७४ प्रतिशत रहेको छ ।

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन:**

- स्रोत र साधनको  महत्तम परिचालन मार्फत वित्तीय अनुशासन कायम गर्दै उत्पादन र उत्पादकत्त्व वृद्धि गरी उच्च, फराकिलो र दिगो आर्थिक विकास हासिल गर्नु,
- निजी, सहकारी, गैर सरकारी संघ संस्था, विकास साझेदार तथा सामुदायिक क्षेत्रसँगको सहकार्य, समन्वय गरी आर्थिक, पूर्वाधार र वातावरणीय क्षेत्रमा सह लगानी गर्नु ,
- सार्वजनिक व्यवस्थापनका नवीन आयामहरुलाई आत्मसात् गर्दै सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाई प्रविधिमैत्री र प्रभावकारी बनाउनु,

- बालमैत्री स्थानीय शासन कार्यान्वयन, लैङ्गिक समानता तथा सामाजिक संरक्षण, समावेशीकरण कायम गर्नु,
- बहुप्रतिफलयुक्त र अधिक लाभ हासिल गर्न सकिने तुलनात्मक लाभका क्षेत्रमा बजेट विनियोजन गरी पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउनु,
- सिकाई प्रभावकारिता अभिवृद्धि गर्न शैक्षिक सामग्रीमा जोड, पढ्दै कमाउँदै कार्यक्रम र संस्कारयुक्त शिक्षाको प्रबन्ध मिलाउनु,
- जैविक विविधता र पारिस्थितिक प्रणालीको संरक्षण गर्दै बदलिँदो जलवायू परिवर्तन र पर्यावरण तथा भूगोल अनुकूल विकासात्मक गतिविधि सञ्चालन गर्नु,
- वन तथा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र कीटनाशक औषधी एवं हानीकारक विषादी तथा अनियन्त्रित रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्नु ।

**सभाध्यक्षज्यू,**

**सभाबाट स्वीकृत आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुमानित आय-व्ययको विवरण प्रस्तुत गर्दछु ।**

आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन गरिने वार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि जम्मा रु **५६ करोड ९८ लाख ७३ हजार ९ सय २५ खर्च** हुने अनुमान गरेको छु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.१० करोड १६ लाख, राजश्व बाँडफाँट रु. ११ करोड १४ लाख ८० हजार, सशर्त अनुदान रु. २४ करोड ८५ लाख, समपुरक अनुदान रु. १ करोड १८ लाख, विशेष अनुदान रु. १ करोड ८० लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १ करोड २५ लाख ३० हजार, राजश्व बाँडफाँट रु. १ करोड ९ लाख ६३ हजार ९ सय २५, विशेष अनुदान रु. ४० लाख, समपुरक अनुदान रु. ६० लाख, आन्तरिक राजश्वबाट रु. २ करोड , स्थानीय राजश्व बाँडफाँटबाट रु. १ करोड र गत वर्षको बैङ्क मौज्दातबाट रु.१ करोड ५० लाख ६४ हजार रकम प्राप्त हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- प्रतिस्पर्धी, नवप्रवर्तनशील, उर्जावान् र उद्यमशील मानवीय पूँजीको लागि शिक्षा क्षेत्रलाई आधुनिक, वैज्ञानिक र प्रविधिमैत्री बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- बालबालिकाको शिक्षामा पहुँच बढाई कक्षा छाड्ने दरमा कमी ल्याउनका साथै कक्षाकोठामा प्रभावकारी सिकाई वातावरण निर्माणको लागि कक्षागत र विषयगत शिक्षक अभावलाई पूर्ति गर्ने उद्देश्यले स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिन रु १ करोड ५२ लाख बजेट व्यवस्था गरेको छु ।
- सिकाई उपलब्धीलाई अभिवद्धि गर्न तथा गरिबीका कारण विद्यालय छाड्ने दरमा कमी ल्याउन विगतका वर्षदेखि सञ्चालन गर्दै आएको तीन वटा विद्यालयमा आवासको व्यवस्थाको लागि आवश्यक रकम छुट्याएको छु ।
- बालमैत्री विद्यालयको लागि आवश्यक पूर्वाधार विकास गर्न गुरुयोजनाको आधारमा विद्यालयको भौतिक संरचना पुर्ननिर्माणको लागि रु ३८ लाख बजेट विनियोजन गरेको छु ।
- बालविवाह निवारण र बालश्रममुक्त गाउँपालिका मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयनका आधार स्तम्भहरु बालबचाउ, बालसंरक्षण, बाल सहभागिता र बालविकाससँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- युवाहरुलाई खेलप्रति आकर्षित गर्न विभिन्न विधाका खेल कार्यक्रम सञ्चालन गरी जिल्ला, प्रादेशिक र राष्ट्रिय स्तरको खेलकुदमा सहभागी गराउन आवश्यक रकम छुट्याएको छु ।

समग्र शिक्षा, युवा तथा खेलकुद क्षेत्रका लागि रु. २७ करोड ५२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

- निरोगी हुप्सेकोट अभियानलाई निरन्तरता दिँदै आयुर्वेदिक उपचार, योग, ध्यान एवं साधनालाई प्राथमिकतामा राखी नागरिकलाई सरल, सहज तथा पहुँचयोग्य आधारभुत तथा विशेषज्ञ सहितको प्रवर्द्धनात्मक र निरोधात्मक स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।
- क्षयरोग मुक्त गाउँपालिकाको लागि समुदाय केन्द्रित कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकमको प्रबन्ध गरेको छु।

समग्रमा, स्वास्थ्य क्षेत्रको लागि रु. ४ करोड ४६ लाख १ हजार बजेट विनियोजन गरेको छु।

- लैङ्गिक तथा जातीय विभेद, शोषण, अन्याय र असमानतामा शून्य सहनशीलता नीति अवलम्वन गर्दै लैङ्गिक सशक्तिकरण र सामाजिक समावेशीकरण कायम गरी आत्मविश्वास, स्वाभिमान र उद्यमशीलता अभिवृद्धि गर्न आवश्यक रकमको प्रबन्ध गरेको छु।
- स-साना खानेपानी उपभोक्ता समूहलाई मर्ज गरी नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी उपलब्ध गराउने साथै पहाडी क्षेत्रमा लिफ्ट प्रविधि र ग्राभिटि फ्लो मार्फत एक घर एक धाराको अभियानलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- पर्यावरण अनुकूलन र जैविक विविधताको संरक्षण सहित पारिस्थितिक प्रणालीको सन्तुलन कायम गर्न वन पैदावारको सापेक्ष उपयोग, व्यवस्थापन र आगलागि नियन्त्रणको लागि जनसहभागिता अभिवृद्धि, सामुदायिक वनसँगको साझेदारीमा विकास निर्माणका गतिविधि सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- विपद् तथा जोखिम न्यूनीकरण गर्न पूर्वानुमान, पूर्वसूचना, पूर्वतयारी साथै विपद् पश्चात सिर्जित समस्याको सामना गर्न उद्दार, राहत, पुनस्थापना र पुनर्निर्माणको कार्य प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याएको छु।

**समग्रमा सामाजिक विकास एवं वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ३२ करोड ७८ लाख ५१ हजार बजेट विनियोजन गरेको छु ।**

**सभाध्यक्षज्यू,**

- कृषि उत्पादनको दृष्टिले अब्बल रुपमा चिनिएको यस गाउँपालिकामा गुणस्तरीय उत्पादन वृद्धि गर्ने उद्देश्यले धान र गहुँको उन्नत बीउमा अनुदानको लागि रु १५ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।
- उर्वर माटोको गुणस्तर अभिवृद्धि गर्न रु. ७ लाख बजेट व्यवस्था गरेको छु । त्यसै गरी विषादी न्यूनीकरणमा समेत आवश्यक बजेट व्यवस्था गरेको छु । साथै किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- परागसेचन मार्फत कृषि उत्पादनमा वृद्धि गर्न र मौरी पकेट कार्यक्रम मार्फत गाउँपालिकालाई मह उत्पादनको हब बनाउन रु. १२ लाख रकम विनियोजन गरेको छु ।
- कृषि पेशालाई मर्यादित, सम्मानजनक र परिष्कृत बनाउँदै कृषकको व्यवसायिकता र उत्पादन क्षमतामा अभिवृद्धि, उत्पादित वस्तुको सुरक्षित भण्डारण, जैविक तथा प्राङ्गारिक मलको प्रयोग, माटोको उर्वराशक्तिमा सुधार, रैथाने बालीको संरक्षण, कीटनाशक औषधी तथा विषादी न्यूनीकरण एवं रासायनिक मलको प्रयोगलाई नियन्त्रण गर्ने तथा अर्गानिक खेती प्रणाली अवलम्वन गर्दै कृषिमा यान्त्रिकीकरण, विविधीकरण, बजारीकरण मार्फत स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्न र उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न कृषि विकासको लागि **५४ लाख ५० हजार** रकम छुट्याएको छु ।
- गाउँपालिकामा दुग्ध उत्पादनलाई उच्च महत्व दिई किसानहरुलाई प्रोत्साहन गर्न उत्पादनको आधारमा प्रतिलिटर रु. २० का दरले अनुदान कार्यक्रमलाई निरन्तरता दिंदै रु. ४० लाख रकम विनियोजन गरेको छु ।

- कृषकहरुको पशुपालन व्यवसायलाई प्रोत्साहन तथा प्राविधिक सेवा प्रवाहमा सहजता प्रदान गर्न **एक पालिका, एक भेटेनरी डाक्टर** कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- कृषकको आयआर्जन वृद्धि गरी व्यवसायिक पशुपालन, पशुचौपायमा लाग्ने आकस्मिक र अन्य रोग तथा बाँझोपन निवारण र महामारी, दुर्घटना, दैवी प्रकोपको अवस्थामा आकस्मिक उपचार, पोषिलो घाँस उत्पादन, नश्ल सुधार, कृत्रिम गर्भाधान, निःशुल्क पशु स्वास्थ्य शिविर जस्ता प्राथमिकता प्राप्त क्षेत्रलाई जोड दिई समग्र पशु सेवा तर्फ **६५ लाख ५० हजार** बजेटको प्रबन्ध गरेको छु ।
- भूमि समस्या समाधान समितिसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पुर्जा वितरणको लागि आवश्यक रकम विनियोजन छु ।
- सहकारी क्षेत्रमा पारदर्शीता, जवाफदेहिता र आर्थिक अनुशासन कायम गरी रोजगारीका अवसर सिर्जना गर्ने र वित्तीय क्षमता अभिवृद्धि गर्न आवश्यक रकम प्रबन्ध गरेको छु ।
- निजी क्षेत्र, गैर सरकारी संघ संस्था, सामुदायिक क्षेत्रसँगको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन गर्न बजेट विनियोजन गरेको छु ।
- संविधानले मौलिक हकको रुपमा प्रदत्त गरेको रोजगारको हकलाई सुनिश्चित गर्न बजेटको प्रबन्ध गरेको छु ।

**समग्रमा आर्थिक विकास क्षेत्रको लागि १ करोड ५६ लाख ४७ हजार बजेट विनियोजन गरेको छु ।**

- अत्यावश्यक स-साना पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्न ६ वटै वडा कार्यालयहरुको लागि विभिन्न मापदण्डहरुको आधार लिई एकमुष्ठ २ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।
- सडक स्तरोन्नतीलाई दिगो बनाउन गाउँपालिकाका गौरवका योजनाको रुपमा वडा नं. १ स्थित ड्राइभरचोक सडक कालोपत्रे शीर्षकमा रु. १ करोड, वडा नं. ३ स्थित

रिलामी टोल चौरङ्गी बडहरे टोल सडक कालोपत्रे शीर्षकमा रु. ९७ लाख, ढल्केसाल समावेशी चोक हुँदै वडा नं. २ को सीमानासम्मको सडक कालोपत्रे शीर्षकमा रु. १ करोड, ३ नं. वडा कार्यालय सडक कालोपत्रे शीर्षकमा रु. ७३ लाख, वडा नं. २ को पारीलाहुरे चोकदेखि वडा नं. ३ को सीमानसम्मको बाटो कालेपत्रे शीर्षकमा रु. ३५ लाख बजेट छुट्याएको छु।

- पठन संस्कृतिको विकास गरी सामुदायिक अध्ययन केन्द्रको रुपमा विकास गर्न देउराली पुस्तकालय भवन निर्माणको लागि रु. ८३ लाख रुपैयाँ प्रबन्ध गरेको छु।
- ग्रामीण सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सवारी आवागमनको सहजता, कृषिजन्य उत्पादनकको बजारीकरण, अन्तर वडाको पहुँच मार्ग विकासको लागि यस गाउँपालिकाको केन्द्रदेखि वडा नं. ६ का विभिन्न स्थानहरु जोड्ने महत्व बोकेको गरिमा चोक- मोहनडाँडा-तीनदोभान-पिपलडाँडा -विरुखर्क हुँदै राष्ट्रिय किसान आ.वि. जापडाँडा सडक स्तरोन्नतीको लागि रु. ५२ लाख ६० हजार, पिपलडाँडा-मौलाथर-पेलेगा-दमार हुँदै नाम्जाकोट जोड्ने सडक स्तरोन्नतीको लागि रु. ६५ लाख ४० हजार, सतकुन- नाम्जाकोट- दुलुङ्गा सडक स्तरोन्नतीको लागि रु. ६१ लाख, मोहनडाँडा- गैरिभञ्ज्याङ- भडारी-जगदेव सडकको लागि रु. ६५ लाख, कटहर चोक- चापगाईं टोल- जनकल्याण हुँदै शिक्षाबोधनी जाने बाटो स्तरोन्नती शीर्षकमा रु. ७५ लाख बजेट विनियोजन गरेको छु।

समग्रमा, पूर्वाधार विकासको लागि **१२ करोड ४३ लाख ४५ हजार** बजेटको व्यवस्था गरेको छु।

विद्युतीय शासनको अवधारणा अनुरुप गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सूचना प्रविधिको उच्चतम प्रयोग मार्फत पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाउन क्षमता विकास एवं प्रविधि विकासका कार्यक्रम, सार्वजनिक सुनुवाई जस्ता कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

गाउँपालिकाकको संस्थागत क्षमता अभिवृद्धि गरी नागरिकमा सुशासनको प्रत्याभूति दिलाउन रु. ९० लाख ५० हजार रकम छुट्याएको छु।

कार्यालय सञ्चालन, प्रशासनिक खर्च तथा सुशासन प्रवर्द्धनका लागि **९ करोड २९ लाख ८० हजार** बजेट विनियोजन गरेको छु।

अन्त्यमा, बजेट तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी तथा सहकारी क्षेत्र, गैर सरकारी तथा सामुदायिक संघ संस्था, नागरिक समाज, विज्ञ तथा सरोकारवालाले दिएको सुझाव र सञ्चारकर्मीबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबैको साथ, सहयोग, उपस्थिति र प्रतिबद्धताको अपेक्षा गर्दछु । स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण हुप्सेकोटबासीलाई “**सुन्दर, सुखि र उद्यमी हुप्सकोट**” निर्माण अभियानमा आफ्नो निरन्तर, सक्रिय, सार्थक र उपलब्धिमूलक सहभागिताको अपेक्षा गर्दछु।

धन्यवाद।